नेपाल सरकार

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखा)

नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाण्डौ

पत्र सङ्ख्या २०७९।०८०

च. नं. १२०

मिति : २०८०।०२।०७ गते

**श्री स्थानीय तह सबै**

**विषय : अटिजम भएका बालबालिकाहरुलाई स्थानीयतहबाट उपलव्ध गराईने सामाजिक सुरक्षा भत्ता तथा अन्य सेवा सुविधा सम्वन्धमा ।**

उल्लिखित विषयमा मिति २०८०/०२/०७ मा यस मन्त्रालयलाई सम्वोधन गरी अटिजम भएका बालबालिकाहरुलाई स्थानीय तहबाट उपलव्ध गराईने सामाजिक सुरक्षा भत्ता तथा अन्य सेवा सुविधा सहजरुपमा उपलव्ध गराईपाउँ भन्ने विषयको प्राप्त निवेदन यसै पत्र साथ संलग्न राखिएको छ। संलग्न निवेदनबाट व्यहोरा अवगत गर्नुभई आवश्यक कारवाही गर्नुहुन आदेशानुसार अनुरोध छ।

वोधार्थ

सूचना तथा प्रविधि शाखा : वेव साईटमा upload गरिदिनुहुन।

०८०/०२/०८

सुभद्रा सुवेदी

(शाखा अधिकृत)

संघीय मामिला तथा स्थानिय विकाश मन्त्रालय सिंहदरवार काठमाण्डौमा पेश गरेको

**निबेदन-पत्र।**

बिषयः- अटिजम भएका वालबालिकाहरुलाई स्थानिय निकायबाट उपलब्ध गराउने मासिक भत्ता तथा अन्य सेवा सुविधा सहजरुपमा उपलब्ध गराई पाँउ।

जिल्ला नुवाकोट बिदुर नगरपालिका वडा नं १३ स्थाई वतन भई का.जि.तार्केश्वर नगरपालिका वडा नं८ बस्ने बर्ष ४० को अधिवक्ता बालकृष्ण नेपाल( मो. नं. ९८५११०१३३९,९८४९०९९९३७).............१

का.जि. नागार्जुन नगरपालिका वडा नं १बस्ने बर्ष ४० की अधिबक्ता संगिता के.सी.( मो.नं.९८४१७१६७७६.........................................................................................१ **निबेदक**

जिल्ला भक्तपुर चाँगुनारायण नगरपालिका वडा नं १ बस्ने बर्ष ३४ को अधिवक्ता सरु सापकोटा ( मो नं. ९८४९१२६५०४).........................................................................................१

जिल्ला सप्तरी खड्क नगरपालिका वडा नं १० स्थाई वतन भई हाल का.जि. का.म.न.पा. ३२ तिनकुने बस्ने बर्ष ४२ की अधिवक्ता रेणु कुमारी साह(९८४९०७४७४५...................................................१

हामी निबेदकहरु अटिजम भएका वालबालिकाहरुलाई स्थानिय निकायबाट उपलब्ध गराउने मासिक भत्ता तथा अन्य सेवा सुविधा सहजरुपमा उपलब्ध गराई पाँउ भनी यो निबेदन लिई उपस्थित भएका छौ। हाम्रो निबेदन माग सम्बन्धमा निम्न बमोजिम बिस्तृत रुपमा खुलाएका छौ।

बालबालिकाहरु कुनै एक परिवारको निजी सम्पति र सदस्य मात्र नभएर सम्बन्धित राष्ट्र समाज र समुदायको समेत महत्वपुर्ण श्रम र सम्पति हो। प्रत्येक बालवालिकाहरुलाई परिवार अभिभावक र राष्ट्र समेतवाट उसको क्षमता अनुसार उचित शिक्षा दिक्षा, पालन पोषण, स्वास्थ उपचार, आवस्यकता अनुसार तालिम प्रशिक्षण प्राप्त गरी भविस्यमा शशक्त भई योग्य र क्षमतावान् नागरिक हुन पाउनु बालबालिकाहरुको नैसर्गिक अधिकार हो। बालबालिकाहरुमा समय, वातावरण, अनुबंशीकता अनुसार फरक-फरक क्षमता र गुणहरु हुने भएकोले सोही अनुसार फरक-फरक किसिमबाट शिक्षा तालिम र प्रशिक्षणको आवस्यक पर्ने हुँदा सो को उचित प्रबन्ध र ब्यबस्था गर्ने दायित्व समेत सम्बन्धित राष्ट्र र सरकारको हो। फरक क्षमता भएको बालबालिकाहरु मध्ये अटिजम ( **AUTISUM)** भएका बालबालिकाहरु पनी एक फरक क्षमता र बिशेषता भएका बालबालिकाहरुको समुदाय भित्र पर्दछन्। यस्ता बालबालिकाहरुको जन्मदर र संख्या बृद्दी हालैका दिनमा तिब्ररुपमा बृद्दी भईरहेता पनी यो बिषय विश्व समुदाय र हाम्रो देशमा समेत नवविकशीत वा नबिनतम समस्याको रुपमा देखापरेको छ। विश्व स्वास्थ्य संगठन **(WHO)** को हाल प्रकाशित रिपोर्ट अनुसार विश्वमा प्रत्येक १०० बालबालिका मध्ये १० जनामा अटिजम हुने तथ्याङ्क सार्वजनिक गरेको छ भने नेपालमा

अटिजम केयर नेपाल सोसाईटी (**ACNS**) र विश्व स्वास्थ्य संगठन( **WHO**) को हाल प्रकाशित रिपोर्टमा ३,००,०००।-( तिन लाख) बालबालिकाहरुमा अटिजम रहेको तथ्याङक सार्वजनिक भएको छ । हाम्रो देशमा अटिजम भएका बालबालिकाहरुको उचित पहिचान त्यस्ता बालबालिकाहरुलाई आवस्यक पर्ने तालिम प्रशिक्षण,शैक्षिक सामग्री ,अध्ययन अध्यापन गर्ने बिद्यालय र प्रशिक्षण दिने स्थान नहुँदा बिषेश गरी ग्रामिण र गरिव परिवारमा जन्मेका बालबालिकाहरुको उचित विकाश तालिम र शिक्षाबाट बञ्चित रहेका छन् । यस्ता बालबालिकाहरुलाई विशेष किसिमको शिक्षा, तालिम र प्रशिक्षणको आवस्यक पर्ने हुँदा सरकारी ,सामुदायिक र निजी बिद्यालयहरुले यस्ता बालबालिकाहरुलाई असामान्य भनी बिद्यालयमा भर्ना गरी शिक्षा दिन अस्विकार गरी शिक्षाबाट बञ्चित गराएको र नेपाल सरकारले संबिधान र प्रचलित कानुन बमोजिम त्यस्ता बालबालिकाहरुलाई आवस्यक पर्ने शैक्षिक सामग्री, तालिम प्रशिक्षण केन्द्र, प्रशिक्षक, शैक्षिक केन्द्रको स्थापना गर्नु पर्नेमा सो नगरी अटिजम भएका बालबालिकाहरु सबै अवसरबाट बञ्चित हुनुपरेको अवस्था बिद्यमान रहेको , अटिजम भएका बालबालिकाहरुलाई राज्यले उपलब्ध गराउदै आएको मासिक भत्ता पाँउन समेत निक्कै कठिनाई परिरहेको र कतिपय स्थानिय निकायलाई अटिजम भनेकै थाहा नहुने र कतिपय अटिजम बालबालिकाहरु हेर्दा सामान्य बालबालिका जस्तै देखिने भएकोले स्थानिय निकायहरुले अटिजम भएका बालबालिकालाई मासिक भत्ता दिन अस्विकार गर्ने लगायतका समस्या छन् भने अटिजम भएका बालबालिकाहरुलाई हेरचाह गर्न बाबु वा आमा मध्ये एक जनाले कुनै काम ब्यबसाय समेत गर्न नसक्ने हुँदा सरकारले बौद्दिक अपागंता अन्तर्गत उपलब्ध गराउने मासिक भत्ता अटिजम बालबालिकाहरुको हकमा देशका सबै स्थानिय निकायहरुबाट सहज रुपमा उपलब्ध गरीपाँउ ।

निबेदकहरु
बालकृष्ण नेपाल
संगिता के.सी.
सरु सापकोटा
रेणु कुमारी साह

ईति संबत २०८० साल जेठ महिना ५ गते रोज ६ सुभम्..........................................................................................।